श्री

## राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

## इजलास

## माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

## राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

## फैसला

२०७८।०७९ सालको निर्णय नं. २८७

पुनरावेदन नं. ०७६-RB-०१४५

मुद्दाः– आयकर (२०७१/०७२) ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ लालदरबार, स्थित थोम्पसन नेपाल प्रा.लि. को (स्थायी लेखा नं. ३०००८८२८७) को तर्फबाट अधिकार प्राप्त ऐ. का कर्मचारी सगुन सेलालिक..........................................................................१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

मध्यस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौं............................................. १
आन्तरिक राजस्व विभाग, लाजिम्पाट...............................................................१ } प्रत्यर्थी वादी

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडा

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतम

**अविलम्वित नजीरः ×**

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- मध्यस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौं

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री झक्कप्रसाद आचार्य

शुरु कार्यालयको निर्णय मितिः–२०७६/०१/२०

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मितिः २०७६/०७/०५

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पुनरावेदन पर्न आएको र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता थोम्पसन नेपाल प्रा.लि. ले आ.व. २०७१/०७२ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. २,७४,८३,२११।- देखाई मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौमा मिति २०७२/०५/१३ मा विवरण पेश गरेको ।

२. उक्त आ.व.को लागि यस कार्यालवाट कर परीक्षण गरी करदाताबाट पेश हुन आएका र आय विवरण साथ संलग्न कागजात तथा खाताहरुको परीक्षण गरी सो को आधारमा पेश हुन आएको प्रतिवेदन समेतबाट प्रस्तुत करदाताको आ.व. २०७१/०७२ को लागि आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको तथा कट्टी गर्न नपाइने खर्च दाबी भएको देखिएकोले सोही ऐनको दफा १०१(६) बमोजिम कर निर्धारण गर्ने प्रयोजनका लागि संशोधित करयोग्य आय रु. २.९३,४३,७९३.०० (अक्षरेपी दुई करोड त्रियानब्बे लाख त्रिचालिस हजार सात सय त्रियानब्बे रुपैयाँ मात्र) कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम मध्यस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौबाट करदाताको नाममा मिति २०७६।०१।०२ मा सुचना जारी भएको ।

३. मध्यस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौबाट मिति २०७६।०१।०२ मा जारी भएको सूचना करदाताले मिति २०७६।०१।०२ मा नै बुझी लिई सो सूचनाको जवाफ मिति २०७६।०१।१२ मा पेश गरेको ।

४. करदाताबाट दाखिला गर्न बाकी रकम रू २,०१,३८८.५४ र उक्त रमकमा आयकर ऐन,२०५८को दफा ११९(१) बमोजिम को ब्याज रकम रू.१२०१४२.३८ तथा ११७(३) बमोजिमको शुल्क रू.१८,७५५.५६ समेत गणना गरी जम्मा रू.३,४०,२८६.६७ माग गर्नुपर्ने देखिएकोले मिति २०७६।१।२ मा जारी आयकर

ऐन,२०५८ को दफा ९०(८) बमोजिमको सूचनामा संसोधन गर्नुपर्ने ठहर्छ भन्ने मध्यमस्तरीय करदाता कार्यालय बबरमहलको मिति २०७६।१।२० को निर्णय पर्चा ।

५. मध्यस्तरीय करदाता कार्यालय, बबरमहल, काठमाडौले मिति २०७६/०१/२३ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी थोम्पसन नेपाल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०३/२२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले पेश गरेको प्रमाणको आधारमा दाखिला भएको अग्रिम कर रू १०,०९,१६८।१३ लाई मिलान गरी उक्त शीर्षकहरूमा दाखिला नभएको बाँकी रू २,०१,३८८।५४ मा ब्याज तथा शुल्क समेत गरी जम्मा रू.३,४०,२८६।६७ अग्रिम कर निर्धारण गरेको देखिन्छ। कार्यालयले अग्रिम कर माग गर्दा करदाताले दाखिला गरेको रकम र राजस्व खाता प्रणालीमा भिडान भएको रकमलाई मान्यता दिई करदाताले दाखिला गर्नुपर्ने रकम र राजस्व खाता प्रणालीमा दाखिला भएको रकममा नपुग रकम माग गर्ने गरी कार्यलयले अग्रिम कर माग गरेको हुँदा कार्यालयले गरेको निर्णय मिलेकै देखिंदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति२०७६।०७।०५ मा भएको प्रशासकीय पुनरावलोकनका निर्णय।

७. बिपक्षी कार्यालयहरूले सम्पत्तिको ह्रास खर्च कट्टी खर्चमा पाउने भन्दा रू ४,६९,६५३.००-,बढी दाबी गरेको ,मनोरञ्जन खर्च रू ३,२५,१०१ मिसम्याच तथ्याङ्क अनुसार खरिद रकममा रू.५,२१,७६१.५४ को खरिद छुट भएको बिक्रीमा समेत छुट हुन गएकोले उक्त खरिदमा समावेश नभएको रकममा करदाताले देखाएको मुल्य अभिबृद्धि अनुपात १९.२२ प्रतिशतले हुने रकम रू ६,२२,०४४.०१ बिक्री कायम गरी सो मा लागत खर्च कट्टी दिई हुने रकम रू१,००,२८२।५६लाई आयकर ऐन,२०५८ को दफा ७(२) बमोजिम करयोग्य आयमा समावेश गर्नुपर्ने देखिएको रकम रू १००,२८२.५६ भनी निकालिएको ठहर निष्कर्षबाट समेत पुनरावेदक कम्पनीलाई प्रत्यक्ष असर पुग्न र अग्रिम कर कट्टि सम्बन्धमा प्रमाण सहित दाबी गरेको अवस्थामा सो लाई अन्देखा गरी भएको निर्णय आय कर ऐन २०५८ को दफा ९०(८),११७(३) र ११९ समेतको प्रतिकुल रहेको छ। उल्लेखित तथ्य प्रमाण कानून तथा कानुनी सिद्धान्त समेतका आधारमा विपक्षी कार्यालयले आयको दायित्व बढाई संसोधित कर निर्धारण गर्ने गरी मिति २०७६।१।२० मा गरेको निर्णय तथा सो निर्णयका आधारमा गरेको मिति २०७६।१।२३ को संसोधित कर निर्धारण आदेश तथा सो निर्णय आदेश उपर प्रशासकीय पुनरावलोकनको निवेदन दायर भई उल्लेखित शिर्षकहरुको हकमा शुरु निर्णय सदर हुने भनी आन्तरिक राजस्व विभागबाट मिति २०७६।७।५ मा भएको निर्णय समेत त्रुटिपूर्ण र बदरभागी भएकोले उक्त निर्णय, आदेश बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/१०/१७ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र ।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०५/२५ मा भएको आदेश ।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता थोम्पसन नेपाल प्रा.लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री खेम प्रसाद खतिवडाले आन्तरिक राजस्व कार्यालय पुतलीसडकबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले गरेको निर्णय कानुन सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस एवं जिकिर समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, पुनरावेदकतर्फका बिद्धान कानुन व्यवसायीबाट प्रस्तुत बहस बुदाँहरु र प्रत्यर्थीको तर्फबाट बिद्धान सहायक न्यायाधिवक्ता ले पेश गर्नु भएको वहस जिकीरतथा मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा मध्यमस्तरीय करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश सो सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व बिभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा नै निर्णय दिनुपर्ने देखियो।

११. सर्वप्रथम करदाताले दावी गरे बमोजिम नै ह्रास खर्च कट्टिले मान्यता पाउनुपर्ने भन्न पहिलो पुनरावेदन जिकिर तर्फ विचार गर्दा, करदाताले आ.व. २०७१।०७२ को लागि आयकर ऐन, २०५८ को दफा १९ बमोजिम जम्मा ह्रास खर्च रु. ३०,८२,०७९.००।- दावी गरेकोमा समूह(ख) अन्तर्गत रु. २७,३९,१७३।- ह्रास खर्च दावी गरेको देखिन्छ । शुरु कर कार्यालयबाट करदाताले यस आ.व. मा थप भएको रकम र समयावधि अनुसार स्थिर सम्पत्ति समेतको आधारमा ह्रास खर्च गणना गर्दा ह्रास खर्च रकम रु. २२,६९,५२०.००।- मात्र हुने देखिएकोले रु. ४,६९,६५३.००।- बढी ह्रास खर्च दावीलाई अमान्य गर्नुपर्ने भनी आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७६।१।२ मा लिखित सूचना जारी गरेको देखिन्छ ।उक्त शिर्षकमा करदाताले मिति २०७६।१।१२ मा पेश गरेको जवाफमा ठोस आधार र कारण पेश गरी आफ्नो दावी पुष्टि गर्न सकेको देखिदैन । केवल उक्त दावी नियमसँगत र सहि हिसावको गणना हो भन्ने व्यहोरा उल्लेख गरेको भरमा ह्रास

खर्चलाई मान्यता दिन मिल्ने न्यायोचित आधार नदेखिंदा करदाताको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

१२. अव करदाताले मनोरञ्जन खर्च अन्तर्गत Liquors for Client Entertainment by MD, Entertainment With client शिर्षकमा रु. ३,२५,१०१।- खर्च दावीलाई अमान्य गरेको सम्बन्धमा लिएको अर्को पुनरावेदन जिकिर तर्फ हेर्दा, करदाताले यसलाई आयकर ऐन, २०५८ को दफा १३ को खण्ड (ग) बमोजिम व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्च भनी दावी गरेको देखिन्छ ।उक्त शिर्षकमा गरेको खर्च आय आर्जन हुने कार्यमा भएको नभई प्रबन्ध संचालकले ग्राहकलाई मनोरञ्जनको लागि मादक पदार्थमा खर्च गरेको र त्यस्तो खर्च घरेलु वा व्यक्तिगत प्रकृतिको भई आयकर ऐन, २०५८ को दफा २१(१)(क) बमोजिम कट्टि गर्न नपाउने प्रकृतिको देखिएकोले यस सम्बन्धी करदाताको पुनरावेदन जिकिर समेत कानून सम्मत रहेको देखिन आएन ।

१३. त्यसै गरी अग्रिम कर कट्टि तर्फ शुरु कर कार्यालयले करदाताले पेश गरेको प्रमाणलाई अनदेखा गरेको भनी लिएको पुनरावेदन जिकिरको सम्बन्धमा हेर्दा, तलव भत्ता, भुक्तानीमा रु. २०२२।१२ दाखिला गर्न बाँकी रहेकोमा सो सम्बन्धमा करदाताले तोकिएको म्यादभित्र कुनै जवाफ पेश नगरेको तथा भुक्तानीमा अग्रिम कर कट्टि नगरेको भनी रू.१९,०५,१०४.६७।- दाखिला गर्नुपर्ने भनी आयकर ऐन २०५८ को दफा ९०(८) बमोजिमको सूचनामा उललेख भएकोमा करदाताले जवाफ साथ पेश गरेको भौचरबाट करदाताले दाखिला गरेको १०,०९,१६८.१३ कर परीक्षणको क्रममा समावेश गरी कर कार्यालयले दिएको सूचना नै संशोधित गरी रु. ३४०२८६.६७।- मात्र माग गर्नुपर्ने निर्णय गरेको देखिंदा करदाताले भौचर पेश गरी अग्रिम कर कट्टि गरी दाखिला गरेको पुष्टि गर्न नसकेको बाँकी रकमको हकमा शुरु कर कार्यालयको निर्णयलाई अन्यथा भन्न मिल्ने देखिएन।

१४. जहाँ सम्म विभागको ITS मा रहेको Mismatch Reportd अनुसार आ.व. २०७१।०७२ को खरिद रकममा रू. ५,२१,७६१.५४ खरिद हुट हुन गएको र उक्त छुट हुन गएको खरिद यस आ.व. को विक्रीमा समेत छुट हुन गएकोले करदाताले देखाएको मूल्य अनुपात १९.२२ प्रतिशतले हुने रकम रु. ६,२२,०४४.०१ विक्री कायम गरी सोमा लागत खर्च कट्टी दिई हुने रकम रु. १,००,२८२.५६ लाई आयमा समावेश गरेको कार्य अन्यायपूर्ण भएको भनी करदाताले लिएको जिकिर छ, सो सम्बन्धमा हेर्दा यसमा करदाताले खरिद अन्तर्गत को Annex 13 मा Detail र Mismatch Reportdको सम्बन्धमा एभिन्यूज टेलिभिजन प्रा.लि. डिभिया हव प्रा.लि., पर्सा एफ.एम. प्रा.लि., मिडिया नाइन प्रा.लि., सिद्धार्थ मिडिया प्रा.लि., देवकी प्रशारण प्रा.लि. समेतका Supplied को पत्र समेत पेश गरेकोमा करदाताको खाता, लेजर तथा विजक समेत हेरी ठहर निर्णयमा पुग्न पर्नेमा शुरु मध्यमस्तरीय करदाता कार्यालयले करदाताले पेश गरेको विवरण वास्तविक हो भन्ने मान्न सकिएन भनी उक्त

१,००,२८२.५६ लाई कर योग्य आयमा समावेश गर्ने गरी भएको शुरु निर्णयलाई आयकर ऐन, २०५८ को दफा १०१(१) को रोहमा यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न संशोधित कर निर्धारण गरेको मान्न मिल्ने नदेखिएकोले उक्त शिर्षकको हकमा शुरु निर्णय तथा त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत बदर गरी पुनः कर निर्धारणको लागि शुरु कार्यालयमा मिसिल पठाउनुपर्ने देखिन आयो ।

१५. तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता थोम्पसन नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०००८८२८७) ले आ.व. २०७१।०७२ को आयकर तर्फको विभागको ITS मा रहेको Mismatch reported अनुसार आ.व. २०७१।०७२ को खरिद क्रममा रु. ५,२१,७६१।५४ को खरिद छुट हुन गएको भनी यस आ.व. को विक्रीमा समेत छुट हुन गएकोले उक्त खरिदमा समावेश नभएको रकममा करदाताले देखाएको मूल्य अभिवृद्धि कर अनुपात १९.२२ प्रतिशतले हुने रकम रु. ६,२२,०४४।०१ विक्री कायम गरी सो मा लागत खर्च कट्टि दिई हुने रकम रु.१,००,२८२।५६ लाई आयकर ऐन, २०५८ को दफा ७(२) बमोजिम करयोग्य आयमा समावेश गरिएको सम्बन्धमा करदाताले पेश गरेका Supplier हरुको पत्र समेतको मूल्यांकन गरी निर्णय गर्नुपर्नेमा करदाताको विवरण वास्तविक हो भनी मान्न सकिएन भनी शुरु मध्यमस्तरिय करदाता कार्यालयले मिति २०७६।१।२० मा गरेको निर्णय र सो शिर्षकको सम्बन्धमा शुरु कार्यालयको निर्णय नै सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।७।५ मा भएको निर्णय न्यायोचित नदेखिंदा बदर गरिदिएको छ । सो सम्बन्धमा करदाताले पेश गरेका प्रमाणको मूल्यांकन गरी पुनः कर निर्धारण गरिदिनु भनी तारेखमा रहेका करदातालाई मध्यमस्तरिय करदाता कार्यालय बबरमहलको तारेख तोकी मिसिल समेत पठाइदिने ठहर्छ । सम्पत्तिको ह्रास कट्टी बढी दावी गरेको प्रशासकिय खर्च र अग्रिम कर कट्टि तर्फ शुरु कर कार्यालयको निर्णय तथा त्यसलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको यस सम्बन्धी पुनरावेदन जिकिर पुग्न सक्दैन ।

## <u>तपसिल खण्ड</u>

१.फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

२.माथि ठहर खण्डमा लेखिए बमोजिम mismatch reported अनुसार खरिद रकममा रू.५२१७६१.५४ को खरिद छुट भएको बिषयमा पुनः कर निर्धारण को लागि शुररू

कार्यालयमा मिसिल पठाउने ठहरेकोले तारेखमा रहेका करदातालाई मध्यमस्तरिय करदाता कार्यालयको तारेख तोकी मिसिल समेत पठाइदिनु ।

३.फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु ।

४.प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

उक्त रायमा मेरो सहमती छ।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी
ईति सम्वत २०७९ साल जेष्ठ ३० गते रोज २ शुभम्..........................................
फैसला प्रमाणीकरण मितिः
प्रमाणीकरण गर्ने अध्यक्षः
राजस्व न्यायाधीकरणको छापः